आज मिति २०७५ साल माघ ०७ गते विहान ८:०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री रचना श्रेष्ठ | नि.प्रमुख प्रशासकीय अधिकृत | सचिव |

<u>आमन्त्रित/बैठक सहयोगी</u>

निर्णय नं.१

मनहरी गांउपालिकाको आ.व.२०७५/०७६ को दोश्रो गांउसभा यही २०७५ माघ मशान्त भित्र मनहरी ९ रजैयामा बोलाउने निर्णय गरियो ।

निर्णय नं.२

वडा नं ४ का २०७४ को बाढीबाट बिस्थापित घरपरिवारलाई यस अघि बैठकबाट तोकिएको स्थानमा बस्ति स्थानान्तरणका लागी तत्काल योजना बनाइ काम अघि बढाउने निर्णय गरियो।

निर्णय नं.३

वडा नं.७ मा रहेको लोपोन्मुख बोटे समुदायको लागी नमुना बस्ति निर्माण कार्यकोलागी यस आ.व.मा गांउसभाबाट बिनियोजीत रकम अपुग हुने हुंदा ३ नं प्रदेश सरकारसंग अपुग रकम सहयोग माग गर्ने निर्णय गरियो ।

निर्णय नं.४

साबिक जि.शि.का. तथा यस आ.व.मा गांउपालिकाबाट बिनियोजन भइ निर्माणाधिन गा.पा.क्षेत्रभित्रका बिधालय भवनहरुको ल.ई. लगायतको प्राबिधिक कार्यको सम्बन्धमा शिक्षा बिकाश तथा समन्वय ईकाइमा सम्पर्क राखि सम्झौताका शर्तबमोजिम काम भए नभएको मुल्यांकन गरि भुक्तानिका लागी आबस्यक प्रकृया अगाडी बढाउन प्राबिधिकहरुलाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.५

चालु आ.व.मा सुचना संचार शीर्षकमा बिनियोजन भएको स्थानिय रेडियो कार्यक्रमको रु.१५००००।र पत्रकार फिल्ड भिजिटको रु.५००००। गरि रु.२०००००।रकमबाट श्राबण २०७५ देखिनै कार्यक्रम प्रशारण गर्ने मनहरी एफ.एम.संग श्राबण २०७५ देखिनै नियमानुसार भुक्तानी हुनेगरि सम्झोता गरि रेडियो कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.६

गाउपालिका अन्तरगतको न्यायिक समितिबाट यस चालु आ.व.मा सम्पादन भएका कामकारवाही कृयाकलापहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.७

गत बैठकबाट निर्णय भइका तपशीलका कार्यबिधि कानुनहरु तयार भइ आएकोले पारित गर्ने निर्णय गरियो ।

क.महिला समन्वय समिति(गठन तथा कार्यसञ्चालन) कार्यबिधि-२०७५

ख.आदिबासि जनजाति समन्वय समिति(गठन तथा कार्यसञ्चालन) कार्यबिधि-२०७५

ग.दलित समन्वय समिति(गठन तथा कार्यसञ्चालन) कार्यबिधि-२०७५

घ.अपाङ्गता सरोकार समन्वय समिति(गठन तथा कार्यसञ्चालन) कार्यविधि-२०७५

निर्णय नं.८

गांउपालिका स्तरीय कक्षा ८ परीक्षा संचालनकोलागी गठीत समितिले माग गरे बमोजीम सोही शीर्षकको रकम खर्च प्रस्ताबना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.९

गांउशिक्षा समितिबाट सिफारिस भएबमोजीम तपशीलका संस्थागत बिधालयहरुलाइ तपशील बमोजीम कक्षा थप गरि संचालन गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

तपशील:

क.युनिभर्सल लर्निङ्ग एकेडेमी मनहरी ७ कक्षा ६ बाट कक्षा ७ र ८

ख.मेरीगोल्ड टाईनिटस बोर्डिङ्ग मनहरी ७ कक्षा ६ बाट कक्षा ७ र ८

ग.नमुना शिक्षा सदन मनहरी ५ कक्षा १ बाट कक्षा २ र ३

घ.रेड एन्जल एकेडमी मनहरी ६ कक्षा ३ बाट कक्षा ४ र ५

निर्णय नं.१०

बालमैत्री गांउपालिका घोषणा कार्यान्विनका लागी एक जना बालमैत्री सहजकर्ता नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं.११

गांउपरिषदबाट बिधुतीकरणकालागी वडागत रुपले बिनियोजीत रकमबाट तार,पोल,ट्रान्सफरमर लगायत सामग्री ढुवानि तथा सो संग सम्बन्धित अन्य कार्यमा भएका खर्चहरु समेत नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.१२

वडा नं ६ मा रहेको तल्लो लोथर बजार खानेपानी इनारबाट पानी तान्ने र बितरण गर्ने प्रयोजनको लागी एक थान पानी तान्ने मोटर र आबस्यकता बमोजीम पाईप खरीद गरि उपलब्ध गराउने सो कामको लागी मर्मत संभार कोष बाट रु ५० हजार बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

मनहरी ८ पुल्चोकमा रहेको अधुरो सार्वजनिक शौचालय निर्माण कार्य सम्पन्न गर्न मर्मत सम्भार कोष बाट रु २ लाख बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१४

प्रदेश कानुन बमोजीम संकलन गर्ने रोडा बालुवा ढुङ्गाको राजस्व अमानतमानै संकलन भइरहेकोमा नेवारपानी नजिक रहेको नाकाकोलागी एक थान फलामे घुम्ती निर्माण गर्ने र सो कामको लागी सोही शीर्षकबाट रु.१ लाख बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१५

गत आ.ब. २०७४/०७५ मा ढुङ्गा गीटी बालुवा राजस्व संकलन कार्यको लागी नेवारपानी तथा सुनाचुरी नाकामा कार्यबिधि बमोजीम अनुगमन निरक्षण गर्नु पर्दाको बखत भएका खर्च रु. ७७०००। गत बर्ष भुक्तानी गर्न बांकी रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

मनहरी गांउपालिका वडा नं.७ रमणटारमा ३ नं.प्रदेश सरकार बाट रु.५० लाख रकम बिनियोजन भइ निर्माण गर्न लागिएको कभर्ड हलको लागी प्रदेश सरकार सार्बजनिक निर्माण कार्यान्वियन इकाइ गजुरी धादिङ्ग बाट माग भए बमोजिम सोही क्षेत्रमा रहेको पूर्बमा निरु पौडेल,पश्चिममा रमणटार बस्ती,उत्तरमा महेन्द्र राजमार्ग र पश्चिममा पुष्कर प्याकुरेल रहेको कसैको निजि भोगाधिकार भित्र नपरेको अन्दाजी ५ कट्ठा जग्गा कभर्ड हल निर्माण प्रयोजनको लागी गाउपालिकाको सहमती रहेको व्यहोरा सो कार्यान्वयन इकाइ कार्यालयलाइ लेखि पठाउने निर्णय गरियो ।साथै उक्त आयोजना संचालनमा स्थानिय बासिन्दा वडा कार्यालय तथा यस गांउपालिकाको समेत रुची र आबस्यकता भएकोले योजना कार्यान्वयनको लागी पूर्ण सहयोग गर्न सकिने हुंदा योजना संचालन योजना सफलताको सुनिश्चितता रहेको समेत लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं.१७

मनहरी ८ सिम्पानीमा रहेको युनाइटेड बोर्डिङ्ग इङ्गलिस स्कुलले तयार गरि पेश गरेको सो बिधालयको शिक्षक तथा कर्मचारी सम्बन्धि बिनियोजन २०७५ स्वीकृत गरि लागु गर्न पठाउने निर्णय गरियो ।

निर्णय नं.१८

कार्यालयको लागी प्रदेश सरकारबाट हस्तान्तरण भइ प्राप्त एक थान हलुका सवारी साधनको लागी चालकको आबस्यकता परेको र यस अघि गांउपालिकाबाट भाडामा संचालन गरिरहेको टाटा सुमोमा ह.स.चा. भइ कार्यरत राजु लामाले सो कामको लागी आवेदन पेश गरेकोले नियमानुसार निजलाइ ह.स.चा.पदमा २०७५ असाढ मशान्त सम्म करारगरी काममा लागाउने निर्णय गरियो ।

निर्णय नं.१९

मनहरी गा.पा.वडा नं ६ कल्लेखोलामा कलभर्ट निर्माणको लागी बिनियोजित रु.४७ लाखबाट रु.२५ लाखको कलभर्ट निर्माण उपभोक्ता समिति गठन गरि सम्झौता गर्ने र बांकी रु.२२ लाखबाट सो कलभर्ट हुदै जाने बाटो निर्माण तथा मरमत संभारकोलागी छुट्टै उपभोक्ता समिति बाट काम गराउने गरि सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं.२०

मनहरी ९ रजैया देखि वडा नं ५ दर्दरा जोड्ने पक्की पुल निर्माणको लागी DPR तयार गर्नुपर्ने भएको हुंदा ३ नं प्रदेश सरकारलाइ सो कामको लागी आबस्यक बजेट व्यबस्था गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.२१

यस गांउपालिका अन्तरगत संचालित सामुदायीक बिधालयहरुको गत आ.ब.२०७४/०७५ को आर्थिक कारोबारको अन्तिम लेखा परिक्षण गर्न तपशीलका सुचीकृत रजिष्टर्ड अडिटर हरुलाइ तपशीलको बिधालयमा ले.प.को लागी स्वीकृती दिने निर्णय गरियो ।

तपशीलः

| सि.नं | बिधालयको नाम | ठेगाना | लेखापरीक्षकको नाम |
|---|---|---|---|
| १ | श्री राष्ट्रीय आधारभुत बिधालय | मनहरी ६ | आर.के.बि.एण्ड एसोसियट |
| २ | श्री महेन्द्रक ज्योति माध्यमिक बिधालय | मनहरी ३ | आर.के.बि.एण्ड एसोसियट |
| ३ | श्री पशुपतीनाथ माध्यमिक बिधालय | मनहरी ४ | आर.के.बि.एण्ड एसोसियट |
| ४ | श्री भोजशिद्ध माध्यमिक बिधालय | मनहरी ५ | आर.के.बि.एण्ड एसोसियट |
| ५ | श्री त्रिरत्न प्राथमिक बिधालय | मनहरी २ | जीतबहादुर नेगी एण्ड एसोसियट |
| ६ | श्री राष्ट्रिय आधारभुत बिधालय | मनहरी ७ | होमबहादुर बस्नेत एण्ड एसोसियट |
| ७ | श्री मदन आश्रित आधारभुत बिधालय | मनहरी ५ | आर.के.बि.एण्ड एसोसियट |
| ८ | श्री जनचेतना प्रा.बि. | मनहरी ५ | आर.के.बि.एण्ड एसोसियट |
| ९ | श्री नवज्योति प्राथमिक बिधालय | मनहरी ३ | आर.के.बि.एण्ड एसोसियट |
| १० | श्री महेन्द्र किरण माध्यमिक बिधालय | मनहरी ८ | आर.के.बि.एण्ड एसोसियट |
| ११ | श्री जनज्योती आधारभुत बिधालय | मनहरी १ | जीतबहादुर नेगी एण्ड एसोसियट |
| १२ | श्री बाल ज्योति प्राथमिक बिधालय | मनहरी ६ | आर.के.बि.एण्ड एसोसियट |
| १३ | श्री ब्रमहृकाली नि.मा.बि. | मनहरी ७ | आर.के.बि.एण्ड एसोसियट |
| १४ | श्री राष्ट्रीय रोटरी माध्यमिक बिधालय | मनहरी ७ | आर.के.बि.एण्ड एसोसियट |
| १५ | श्री युवा बर्ष गंगा आधारभुत बिधालय | मनहरी ९ | जीत बहादुर नेगी एण्ड एसोसियट |
| १६ | श्री प्राथमिक बिधालय | मनहरी १ | आर.के.बि.एण्ड एसोसियट |
| १७ | श्री राष्ट्रीय माध्यमिक बिधालय | मनहरी ६ | आर.के.बि.एण्ड एसोसियट |
| १८ | श्री सिता माध्यमिक बिधालय | मनहरी २ | आर.के.बि.एण्ड एसोसियट |
| १९ | श्री बाल जीवन ज्योती माध्यमिक बिधालय | मनहरी १ | आर.के.बि.एण्ड एसोसियट |
| २० | श्री नवजागृति प्राथमिक बिधालय | मनहरी ३ | आर.के.बि.एण्ड एसोसियट |
| २१ | श्री सगरमाथा अधारभुत बिधालय | मनहरी ५ | होमबहादुर एण्ड एसोसियट |
| २२ | श्री जनजाती उत्थान आधारभुत बिधालय | मनहरी ६ | गोबिन्दप्रसा प्याकुरेल एण्ड एसोसियट |
| २३ | श्री प्रजा आधारभुत बिधालय | मनहरी ३ | आर.के.बि.एण्ड एसोसियट |
| २४ | श्री प्रगती राष्ट्रीय आधारभुत बिधालय | मनहरी ६ | गोबिन्दप्रसाद प्याकुरेल एण्ड एसोसियट |
| २५ | श्री प्रजा बिकाश आधारभुत बिधालय | मनहरी ६ | गोबिन्दप्रसाद प्याकुरेल एण्ड एसोसियट |
| २६ | श्री सृजना आधारभुत बिधालय | मनहरी ४ | पूर्णमान एण्ड एसोसियट |
| २७ | श्री राष्ट्रीय सरस्वती आधारभुत बिधालय | मनहरी | प्रकाश ढकाल एण्ड एसोसियट |
| २८ | श्री प्राथमिक बिधालय | मनहरी ३ | प्रकाश ढकाल एण्ड एसोसियट |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय

टेकराज उप्रेती
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २९ | श्री शहिद स्मृति बाल कल्याण प्रा.बि. | मनहरी | कृष्णप्रसाद लामिछाने एण्ड एसोसियट |
| ३० | श्री बिनाकालिका प्रा.बि. | मनहरी ९ | टी.पी.रुपाखेती एण्ड एसोसियट |
| ३१ | श्री ऋषेश्वर बालजागृति प्रा.बि. मनहरी | मनहरी ९ | टी.पी.रुपाखेती एण्ड एसोसियट |
| ३२ | श्री चेपाङ्ग प्राथमिक बिधालय | मनहरी ४ | आर.देवकोटा एण्ड एसोसियट |

निर्णय नं.२२

वडा नं ३ बिक्रमपर्ता टोलमा रहेको दहाल खोल्सीमा कलभर्ट निर्माण र बाटो स्तरीकरणको लागी गांउसभाबाट बिनियोजीत रु.१ लाख मात्र अपुग हुंने हुंदा सो कामको लागी मर्मत संभार कोषबाट थप रु.२ लाख बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२३

मनहरी गांउपालिकामा रहेका बिभिन्न प्रकारका अपाङ्गता भएको व्यक्तिहरुलाई अपाङ्गता परीचय-पत्र बितरण सम्वन्धमा बनेको अपाङ्गता भएको व्यक्तिको परिचय-पत्र बितरण कार्यबिधि-२०७५ स्वीकृत गरि लागु गर्ने निर्णय गरियो ।